## अनुसूची २

(दफा ४ तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

बडीकेदार गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या:४ मितिः २०७९/८/२०

**भाग-२**

**बडीकेदार गाउँपालिका**

## बडीकेदार गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/८/१२

**प्रस्तावना**

यस गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुलाई आफ्नो काममा थप हौसला प्रदान गर्न प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता दिन वान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि बडीकेदार गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि वनाई जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम " बडीकेदार गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड

भत्ता सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :**

(क) "गाउँपालिका" भन्नाले बडीकेदार गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले बडीकेदार गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले बडीकेदार गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यविधि " भन्नाले बडीकेदार गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०७९ सम्झनु पर्दछ ।

(ङ) "प्राविधिक कर्मचारी " भन्नाले बडीकेदार गाउँपालिका, पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत स्थायी तथा करार सेवा अन्तगर्त कार्यरत इन्जिनियर, सव इन्जिनियर र असिष्टेण्ट सव इन्जिनियर सम्झनु पर्दछ ।

३. **फिल्ड भत्ता प्राप्त गर्ने आधार** : (१) यस कार्यविधि बमोजिमको भत्ता प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक रुपमा कार्यालयमा हाजिर भई काम गरेको हुनु पर्नेछ । आवश्यक पर्दा कार्यालयले जुनसुकै बखत लगाएको काम निजले गरेको हुने पर्नेछ ,

(२) भत्ता प्रदान गर्ने प्रयोजनका लागि प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण सम्बन्धित कर्मचारीले अनुसूची १ बमोजिमको विवरण तयार गरि शाखा प्रमुखको सिफारिसमा प्रशासन मार्फत पेश गर्नु पर्दछ ।

(३) उपदफा (१) बमोजिम काम गरेको कर्मचारीहरु र उपदफा (२) बमोजिम पेश गरेको विवरण स्वीकृत भए पश्चात कर्मचारीले आफ्नो पद/तह/स्तर अनुसार देहा बमोजिम एकमुष्ट मासिक फिल्ड भत्ता प्राप्त गर्नेछन् ।

| सि.नं. | पद/तह/स्तर | प्राप्त हुने मासिक फिल्ड भत्ता (रु.) |
|---|---|---|
| १. | इन्जिनियर, | २०,०००।- |
| २. | सव इन्जिनियर | १५,०००।- |
| ३. | असिष्टेण्ट सव इन्जिनियर | १२,०००।- |

४. **भुक्तानी विधि** : २०७९ साल श्रावण महिना देखि दफा ३ बमोजिमका प्राविधिक कर्मचारीको तलबमा थप प्राविधिक फिल्ड भत्ता समावेश गरि मासिक रुपमा कार्यालयले उपलब्ध गराउनेछ ।

५. **कार्यविधिको व्याख्या** : यो कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

६. **थपघट तथा हेरफेर** : आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्य नजर गरी कार्यपालिकाले प्रचलित कानूनसंग नबाझिने गरि यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

अनुसूची-१

२०७....... साल ..................... महिनामा फिल्डमा गरेको कामको मासिक प्रगति विवरण

कर्मचारीको नाम :                                        पद :

| सि.नं. | मिति | फिल्डमा गरेको कामको विवरण | अपेक्षित उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

कर्मचारीको दस्तखत :                    सिफारिस गर्ने :                    प्रमाणित गर्ने :

आज्ञाले,

दिलाराज भट्ट

प्रमुख प्रशासकीय अधिकृत